नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन बिभाग
(पर्वतारोहण शाखा)

www.tourism.gov.np
Email: info@tourismdepartmept.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं

पत्र संख्या : पर्वतारोहण /०७२।०७३
च.नं :- ३९२१

मिति :- २०७२।११।१०

श्री अर्थ मन्त्रालय,
सिंहदरवार ।

**विषय :- सिफारिस सहित नामावली पठाईदिने सम्बन्धमा ।**

यस विभाग बाट सन् २०१६ मा नेपालका विभिन्न हिमालहरुको आरोहण गर्न अनुमति लिने पर्वतारोही दलका साथ खटाईने सम्पर्क अधिकृतका लागि तहाँ मन्त्रालय/आयोग/अदालत/सचिवालय/कार्यालय वा **अर्न्तगत कार्यरत** कर्मचारीहरु मध्ये बाट देहायबमोजिमका योग्यता पुगेको १ जना कर्मचारीको नाम सिफारिस गरी ३० (तीस) दिनभित्र यस विभागमा आईपुग्ने गरी पठाईदिनु हुन मिति २०७२।१०।१८ को निर्णयानुसार अनुरोध छ ।

१) **यो पत्रलाई तहाँको सुचनापाटी र वेभसाइटमा राखी इच्छुक कर्मचारीहरुको निवेदन संकलन गरी सिफारिस गर्नुहुन अनुरोध छ ।**
२) पहिले सम्पर्क अधिकृत भई जाने मौका नपाएकोलाई प्राथमिकता दिन अनुरोध छ र **एक पटक पनि मौका नपाएका कर्मचारी हुँदा हुदै पहिले मौका पाइसकेकालाई सिफारिस भएमा त्यस्तो सिफारिसको आधारमा सम्पर्क अधिकृत खटाई पठाउन यस बिभाग बाध्य हुने छैन ।**
३) सम्पर्क अधिकृतमा खटिने कर्मचारीको योग्यता :

- निजामती सेवाका राजपत्र अनंकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणीका कर्मचारी ।
- पर्वतारोहण सम्बन्धी आधारभूत प्रशिक्षण (सम्पर्क अधिकृत अनुस्थापन तालिम) प्राप्त गरेको
- स्नातकोपाधि हासिल गरेको (ट्रान्सक्रिप्टको प्रतिलिपी संलग्न गरी पठाउनु पर्ने) हुनुपर्नेछ ।

४) महिला, आदीवासी जनजाती, मधेशी, दलित र पिछडिएको क्षेत्रका कर्मचारी लाई प्राथमिकता दिने ।
५) उचाइमा जान शारिरीक रुपले सक्षम रहेको (ब्लड प्रेसर, दम, सुगर इत्यादीको समस्या नरहेको ) ।

उपरोक्त सिफारिस भई आएका कर्मचारीहरलाई पर्वतारोही दलको पर्याप्तताको आधारमा क्रमश: सन् २०१६ मा सम्पर्क अधिकृतका रुपमा खटाईने हुँदा सिफारिस भई आएका सबै कर्मचारीलाई खटाई पठाउन नसकिने संभावना रहेको व्यहोरा समेत अनुरोध छ ।

| सि.नं | पद | नामथर | कार्यरत कार्यालय | तालिम लिएको मिति | सम्पर्क नं (मोबाईल नं र कार्यालयको नं) |
|---|---|---|---|---|---|
| | | | | | |

(जीवन प्रसाद आचार्य)
शाखा अधिकृत